नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
मंसीर/पौष २०६६(December 2009) वर्ष १३/अंक १५३

# जोशमा पछि नहट

***आदरणीय पाष्टर रोवर्ट कार्थक गुरुवाले परिषदको रिट्रीटमा दिनुभएको वचनको पहिलो भाग...***

प्रभुले हामी नेपाली इसाई मण्डलीलाई प्रशस्त मात्रामा आशिष दिनुभएको छ । हाम्रो मण्डलीको मिशनको क्षेत्रमा, बाल, युवा, महिला र पुरूषहरूको जीवनमा परमेश्वरको आशिष अनुभव गरिरहेका छौं ।

यति धेरै आशिषहरू पाएर हामीमा सुस्तता आउने त होइन ? यस्तो अवस्थामा हाम्रो जोश घट्नु हुँदैन । हाम्रो काम सिद्धिएको छैन । परमेश्वरको आशिष प्रशस्त छ तर यसलाई कसरी सम्हाल्ने हो भन्ने पक्षमा अझै सवल बन्नु परेको छ । जोशले हामीलाई अगाडि बढाउँदछ तर हामी अगाडि बढन छोडेर ढुक्क भएर बस्छौं भने हामी पछि पर्नेछौं ।

## १. मोआबको ढुक्कपन

यर्मिया ४८:११-१२ “मोआब युवाअवस्थादेखि नै आराम गरी बसेको छ । त्यो थेग्रो रहेको दाखमद्यजस्तै छ, जो एउटा भाँडाबाट अर्को भाँडामा खन्याइएको छैन–त्यो निर्वासनमा गरेको छैन । त्यसैले त्यसको स्वाद अघिजस्तै रहिरहेको छ त्यसको बास्ना बद्लेको छैन । तर दिनहरू आउँदैछन्,” परमप्रभु भन्नुहुन्छ, “जब घैंटाबाट खन्याउनेहरूलाई म त्यसकहाँ पठाउनेछु, र उनीहरूले त्यो खन्याउनेछन् । त्यसका गाग्राहरू चुरचुर पारेर फुटाइदिनेछन् ।”

असल दाखमद्य बनाउनलाई त्यो दाखमद्य विभिन्न भाँडाहरूमा सारिनु आवश्यक पर्दछ । पहिलो भाँडामा राख्दा त्यसको थेग्रोहरू भाँडाको पिँधमा थेग्रिने गर्दछ र जब त्यो दोश्रो भाँडामा खन्याइन्छ तब बाँकी रहेको थेग्रोहरु दोश्रो भाँडाको पिँधमा थेग्रिन्छ । जब त्यस दाखमद्यलाई तेश्रो अनि चौथो गरि अरू भाँडाहरूमा खन्याइन्छ तब त्यो सफा र पारदर्शी बन्दछ । त्यसको टर्रोपन हटेर जान्छ, त्यसको स्वाद बदलिन्छ र त्यसको बास्ना पनि बदलिन्छ ।

परमेश्वरले हामीलाई विभिन्न परिस्थितिहरूबाट लगेर हामीलाई असल दाखमद्य बनाउन लाग्नु भएको छ । यदि हामीहरू पनि मोआब जस्तै भयौं भने उहाँले खन्याउनेहरूलाई पठाएर ति घैंटाहरू खन्याएर रित्याइ दिनुहुन्छ र ती गाग्राहरु चुरचुर पारेर फुटाइदिनुहुन्छ । यसैले हामीमा रहेको सांसारिकता र शारीरिकतालाई थेग्रिन दिनुपर्छ र हामीमा रहेको तितोपन हटेर जानुपर्छ ।

काना शहरको विवाहको भोजमा पाहुनाको रूपमा निम्त्याइनुभएको प्रभुले, प्रभुको रूपमा काम गर्नुभयो । चाकरहरूले प्रभुको आज्ञापालन गरेको हुनाले साधारण पानी असाधारण दाखमद्यमा परिणत भयो । आज प्रभुले हामीलाई के आज्ञा दिँदै हुनुहुन्छ सो सुन्नलाई हामी तयार हुनुपर्छ । उहाँको वचन सुनेर मात्र हुँदैन तर उहाँबाटको वचन सुन्नु आवश्यक छ ।

असल दाखमद्य किन पछिसम्म राखिएको ? दाखमद्य मानिसहरूमा आनन्द ल्याउनको लागि हो । परमेश्वरले हामीलाई त्यस कामको लागि असल दाखमद्य बनाउदै हुनुहुन्छ । उहाँले हामीलाई विभिन्न भाँडाहरूमा खन्याउँदै हुनुहुन्छ भाँडाहरू फरक होला तर दाखमद्य चाहिँ त्यही नै हो ।

सपन्याह १:१२ त्यस बेला बत्ती बालेर म यरुशलेमलाई खोज्नेछु, र ढुक्क भएर बस्नेहरूलाई, थिग्रो भएर बसेका दाखमद्यजस्तै हुनेहरूलाई, र परमप्रभुले नता असल न खराब गर्नुहुन्छ भनी विचार गर्नेहरूलाई म सजाय दिनेछु ।

परमेश्वरले बत्ती बालेर भित्रसम्म खोज्ने काम गर्नुहुन्छ । ढुक्क भएर बस्नेहरूलाई उहाँले सजाय दिनुहुनेछ । यसैले हामी अगाडि बढौं किनकि हामीले धेरै आत्मा जित्नु छ । हामी ढुक्क भएर नबसौं कारण प्रभुले हामी अझै जोशिलो भएको देख्न चाहानुहुन्छ । उहाँले हामीलाई मात्र होइन हाम्रो सन्तानलाई पनि आशिष दिन चाहनुहुन्छ ।

## २. दाऊदको जोश

भजनसंग्रह १३२:१-५

दाऊद परमप्रभुको भवनको लागि जोश भएका मानिस थिए । उनले भवन निर्माण गर्ने अवसर पाएनन् तर त्यस भवन निर्माणको लागि आफ्नो कर्तव्य पूरा गरे । १ इतिहास २९:१-५ अनुसार दाऊदले भवन निर्माणको लागि आवश्यकीय सामाग्रीहरू तयार पारे, उनी इमान्दार भए, उनले नीजि सम्पत्तिबाट सुन र चाँदी दिए । के हामीमा दाऊदको जस्तो जोश छ ? दाऊदमा भएको जस्तो जोश हामीमा पनि हुनुपर्छ । हामीले पनि दाऊदले झैं आफ्नो कर्तव्य पूरा गरिराख्नुपर्छ कारण परमेश्वरले नेइमद्वारा धेरै कामहरू गर्न लाग्नुभएको छ । हामी कति जना वृद्ध भइसकेका छौं, हामीलाई थाहा छैन नेइम कस्तो हुनेछ तर हाम्रा जवानहरूले त्यो काम गर्ने छन्, हामीहरूको प्रार्थना जारी हुनुपर्छ । हामीले हाम्रा सन्तानको लागि सहायता पुऱ्याउनु पर्छ ।

हामी दाऊद भन्दा भाग्यमानी छौं, दाऊद व्यवस्था अनुसार जिएका मानिस थिए भने हामी पवित्र आत्माको भरपूरीमा जिउने मानिसहरू हौं । यसैले हामीमा अझ बढी जोश हुनुपर्छ ।

२ शमूएल ६:३,११,१२ यहाँ दाऊदले ठीक काम बेठीक तरिकाले गरे । उनले सुविधा खोजे त्यसैले वाचाका सन्दूक गाडामा राखेर लाने क्रममा लड्न लागेको गाडालाई थाम्दा उज्जाको मृत्यु भयो । यसैले वाचाको सन्दूक ओबेद-एदोमको घरमा तीन महिनासम्म रह्यो र परमप्रभुले तिनलाई र तिनका घरानालाई आशिष दिनुभयो । पछि जब दाऊदले बाचाको सन्दूक धुमधाम साथ दाऊदको शहरमा ल्याए तब उनी जोशिलो भएर सन्दूकका अघि अघि पूरा शक्तिमा नाचेका थिए । जब दाऊद नाचेका थिए त्यसबेला उनकी श्रीमती मिकलले देखिन्, तब तिनले दाऊदमा भएको परमप्रभुको जोशको बेठीक प्रकारले अर्थ लगाइन र उनी मृत्युसम्मै नि:सन्तान भइन् ।

जब पवित्र आत्माको काम मण्डलीमा जोडतोडले हुन्छ, तब त्यहाँ सबै कुराहरू हामीले सोचेको जस्तो नहुन सक्छ, प्रभुले आफ्नै प्रकारले काम गर्नुहुन्छ । नेइमका लागि प्रभुले अघिबाटै देखाउनुभएको कुरा यो हो कि हामीलाई प्रभुको आत्माको भरपूरीका लागि जोश चाहिन्छ । यो भरपूरी नेइम अन्तर्गतका मण्डलीहरूमा पुऱ्याउनु नै पर्छ । रुटिन काम मात्र होइन तर भित्रबाट नै यो काम गरिनुपर्छ । नेइमले गरेको काम

नेइमले मात्र होइन तर अरू मण्डलीले पनि सिक्दैछन् । उहाँमा भएको जोश कुनै अवस्थाले पनि दमन गर्न दिनु हुँदैन ।

प्रकाश ३:१५ धनी छु भन्ने लाउकेडियाको मण्डलीले आफ्नो दरिद्रता देख्न सकेन । आफ्नो अवस्था थाहा नपाएको लाउडिकीयाको मण्डलीले प्रभुलाई ढोका बाहिर नै राख्यो । प्रभु भन्नुहुन्छ, जोशिलो हौ ... पश्चात्ताप गर । उहाँसँग भोज खाने अहोभाग्य प्रभुले हामीलाई दिनुभएको छ, त्यतिमात्र होइन उहाँसँग राज्य गर्ने अनुग्रह दिनुभएको छ । जोशमा पछि हट्नु हुँदैन, अझ उत्तम कुरा प्रभुले हाम्रो लागि साँचेर राख्नुभएको छ । जोशमा पछि नहटौं । मन तातो अवस्था प्रभुलाई मन पर्दैन । क्र.म.स. ....

– प्रस्तुति डीकन अर्जुन ढकाल

**नेइमको दर्शन**

**"ख्रीष्टजस्तै बनाउन ख्रीष्टजस्तै बनौं"**

नेइमको आधारशिला

परमेश्वरको महिमाको निम्ति पवित्र आत्माको शक्ति र निर्देशनमा प्रार्थना र अन्तरविन्ती सहित प्रशंसा र आराधना गर्ने, समान दर्शन भएकाहरूसित आबद्ध भई प्रचार र मण्डली स्थापनाको काममा संलग्न रहने, र प्रेममा परिपक्व हुँदै सर्वाङ्गिण रुपान्तरणका निम्ति ख्रीष्टको साक्षी बन्दै पवित्रतामा उहाँकै पुनरागमनको प्रतिक्षा गर्ने मण्डली हुनेछ ।

## शुभ–कामना

**प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नव वर्ष २०१०** को सुखद् अवसरमा नेइम मण्डली अन्तरगतका सम्पूर्ण परिवार, आबद्ध मण्डलीहरू, देश विदेशमा रहनुभएका सम्पूर्ण मण्डलीका विश्वासीहरूमा आशिषमय दिनहरूको कामना गर्दछौं साथै सम्पूर्ण देश तथा देशबासीहरूप्रति शान्ति, मेलमिलाप, प्रेम र एकताको कामना गर्दछौं ।

### भारतको पुने तथा मुम्बईमा सुसमाचारिय कार्यक्रम प्रस्तुत गरिने

भारतको पुनेमा सेवकाई गर्दै आइरहनुभएका मिशनेरी प्रदीप र फिलोमिनाको निमन्त्रणामा त्यहाँ रहेका नेपालीहरूको बीचमा आयोजना गर्न लागिएको विशेष सुसमाचारिय कार्यक्रमका लागि पाष्टर बर्णबास श्रेष्ठको नेतृत्वमा मण्डलीबाट १३ जनाको टोली यही मिति २०६६ पौष २३ गते तदनुसार जनवरी ७, २०१० का दिन त्यसतर्फ जाँदैछ साथै उक्त झुण्डले मुम्बईमा पनि सुसमाचारिय कार्यक्रम प्रस्तुत गर्नेछ । यसकारण उक्त झुण्डको यात्रा र सेवकाईका लागि प्रार्थना गरिदिऔं । उक्त सुसमाचारिय कार्यक्रमको लागि कसैले आर्थिक सहायता प्रदान गर्न चाहनुहुन्छ भने पाष्टर बार्णबास श्रेष्ठ वा मण्डली अफिसमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

### हार्दिक बधाई



श्री रविन राई
र
सुश्री सरस्वती आङदेम्बे

मंसीर ७ गते/नोभेम्बर २२ ता. आइतबार ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ८:०० र ११:०० बजे | ज्ञानेश्वर |
| | शनिबार | बिहान ९:०० र ११:०० बजे | ललितपुर |
| | शनिबार | बिहान १०:३० बजे | जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एकपल्ट | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोगबूँ, सुन्दरीजल |
| | | महिनामा दुईपल्ट | जोरपाटी, |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:१५ बजे | नयाँ वानेश्वर |
| | सोमबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, नाङलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ र पनौती |
| | मंगलबार | बिहान ६:१५ बजे | धापासी र बौद्ध-बज्रनगर, सिर्जनानगर भक्तपुर, कमलाक्षी |
| | बुधबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:१५ बजे | गोंगबूँ, कमलाक्षी |
| | शुक्रबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा, सुन्दरीजल |

### शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | सिर्जनानगर | नगरकोट | ललितपुर | पनौती | गुर्जुधारा | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मंसीर २७ गते, डिसेम्बर १२ ता. | पाष्टर सामुएल कार्थक | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर अशोक मुखिया | डीकनेस् श्यारोन रोंगोंग | पाष्टर दफ्तन सादा | संयुक्त सेवा ललितपुर चर्च | पाष्टर एल.पी.न्यौपाने | डीकन जमान तामाङ्ग | डीकन दानिएल सापकोटा | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर रोबर्ट कार्थक | श्रीमती मीरा गुरूङ्ग |
| पौष ४ गते, डिसेम्बर १९ ता. | डीकन अर्जुन ढकाल | श्री सुरेश पुरकोटी | श्री मान ब. मगर | पाष्टर राजेन्द्र रोंगोंग | पाष्टर दफ्तन सादा | संयुक्त सेवा ललितपुर चर्च | पाष्टर रोबर्ट कार्थक | पाष्टर प्रेम श्रेष्ठ | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | पाष्टर अशोक मुखिया | श्री निरज बोहोरा |
| पौष १० गते, डिसेम्बर २५ ता. | | संयुक्त खीष्टमस सेवा – सानो गौचरन | | | | | | | | | | |
| पौष ११ गते, डिसेम्बर २६ ता. | – | – | – | – | – | – | पाष्टर महेश थाँजु | श्री सुन्दर नगरकोटी | डीकन सागर थापा | डीकन अष्ट श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | श्री अनुप ढुङ्गेल |
| पौष १८ गते, जनवरी २ ता. | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र रोंगोंग | श्री सिमोन भण्डारी | संयुक्त सेवा ललितपुर चर्च | पाष्टर प्रेम श्रेष्ठ | श्री राज गुरूङ्ग | पाष्टर एस. सोदेम्बा | डीकन सागर थापा | एल्डर के.बी. तामाङ्ग | संयुक्त सेवा गोंगबूँ चर्च |

## डिसेम्बर **महिनाको कार्यक्रम**

- ✦ पौष १ गते/डिसेम्बर १६ ता. बुधबार **महिला उपवास प्रार्थना** बिहान १०:०० बजे आ-आफ्नै मण्डलीमा
- ✦ पौष १० गते/डिसेम्बर २५ ता. शुक्रबार **संयुक्त खीष्टमस सेवा** बिहान ११:०० बजे सानो गौचरन, ज्ञानेश्वरमा
- ✦ पौष १६ गते/डिसेम्बर ३१ ता. बिहीबार **आधा रातको प्रार्थना** राति ९:००-१२:०० आ-आफ्नै घरेलु संगति र पायक पर्ने ठाउँहरूमा

## जानकारी

- ✦ कार्तिक २१ गते/नोभेम्बर ७ ता. शनिबार नेइम ज्ञानेश्वर मण्डलीमा ३५ जना बालबालिकाहरूको बाल अर्पण गरिएको थियो ।
- ✦ कार्तिक २२ गते/नोभेम्बर ८ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीमा ५२ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।
- ✦ कार्तिक २७ गते/नोभेम्बर १३ ता. शुक्रबार नेइम जोरपाटी मण्डलीमा २५ जना विश्वासीले पानीको बप्तिस्मा लिनुभयो ।
- ✦ मंसीर ३ गते/नोभेम्बर १५ ता. बुधबार नेइम नगरकोट मण्डलीमा १२ जना विश्वासीले पानीको बप्तिस्मा लिनुभयो ।
- ✦ मंसीर ४ गते/नोभेम्बर १६ ता. बिहीबार नेपाली इसाई मण्डलीको शाखा मण्डली रामेछाप किउरेनी मण्डलीमा ८ जना विश्वासीले पानीको बप्तिस्मा लिनुभयो । उक्त बप्तिस्मा कार्यक्रमको लागि पाष्टर सामुएल कार्थक, श्री नर बहादुर श्रेष्ठ, श्री नूह थामी र दोलखाबाट श्री एलिया थामी जानुभएको थियो ।
- ✦ नेपाल धर्म विज्ञान संस्था (एन.बी.ए.) काठमाडौंबाट डीकन जमान तामाङ्ग, डीकन बद्रि (रूबेन) श्रेष्ठ र सुश्री भिमा मगरले २ वर्ष पढाइ पूरा गर्नुभयो ।

## जानकारी

प्रत्येक नेपाली महिनाको पहिलो शनिबार जोरपाटी मण्डलीको निम्ति जग्गा किन्नको लागि **विशेष भेटी** उठाइनेछ साथै अरू समयहरूमा पनि मण्डली अफिसमा आएर पनि भेटी दिन सक्नुहुनेछ । समयमानै मण्डली भवनको जग्गा किनी मण्डली भवन बनाउन सकून् भनी प्रार्थना गरौं ।

## प्रार्थनाका विषयहरू

१. देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक तथा सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगति आएको होस् भनी प्रार्थना गरौं ।

२. नेपालका सबै मण्डलीहरू प्रार्थना, वचन पढाई, स्तुति प्रशंसा, सुसमाचार प्रचार, प्रेम र पवित्रताको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् साथै खीष्टको दोस्रो आगमनको निम्ति सधैं तयार रहनेहरू हुन सकून् ।

३. खीष्टमसको अवसरमा विभिन्न माध्यमहरू जस्तै: रेडियो, एफ.एम., टि.भी., नाटक, भजन, गीतद्वारा प्रचारिने सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् साथै विभिन्न मण्डलीहरूमा हुने खीष्टमस सेवामा परमेश्वरको आशिष मागौं ।

४. २०१० सालभरि मण्डलीलाई अगुवाई गर्न नेइमका विभिन्न विभागहरू तथा स्थानीय व्यवस्थापन समितिमा हुनुभएकाहरूको लागि साथै पुरूष, महिला, युवा, बाल संगति, घरेलु संगति, मिशनको क्षेत्रहरू अझ आशिषित भएर जान सकून् भनी प्रार्थना गरौं ।

५. मण्डलीबाट आउँदा दिनमा अझ धेरैले देशभित्र र देशबाहिर मिशनेरी भएर जानको लागि प्रभुबाट बोलावट पाउन सकून् ।

६. नेपाल देशका साना-ठूला मण्डलीहरूको सबै पाष्टरहरू, सेवक/सेविकाहरू र सबै मण्डलीहरूको लागि आशिष मागिदिऔं ।

७. येशू प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू साथै प्रभुलाई पाएरै पनि संसारकै कुरामा अल्मलिरहनुभएकाहरू समय छँदानै पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।

प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठ्माडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२ email:nim@wlink.com.np, www.nim.org.np

# दैनिक प्रार्थनाका विषयहरू

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**SUNDAY** | **२१ 6**<br>मण्डलीका सम्पूर्ण क्षेत्रमा सहयोग पुऱ्याइराख्नुभएकाहरूको व्यक्तिगत, परिवारमा र सेवकाईमा आशिष मागिदिऔं ।<br>भजनसंग्रह १०१:६-७ | **२८ 13**<br>शाखा/आबद्ध मण्डलीका पाष्टर तथा सबै अगुवाहरूले सबै अवस्थाहरूमा परमेश्वरको अगुवाई खोज्न सकून् ।<br>यशैया ४१:९-१० | **५ 20**<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>एफिसी ५:१-२ | **१२ 27**<br>गत हप्ताभरि खीष्ट प्रभुको मुक्तिको सुसमाचार सुन्नुभएकाहरू साथै ग्रहण गर्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>रोमी १०:९-११ |
| **सोमबार**<br>**MONDAY** | **२२ 7**<br>व्यक्तिगत, पारिवारिक र सामुहिक रूपमा चढाएका प्रार्थनाहरूको उत्तर साथै नपाएको उत्तरमा पनि हामी सबै धन्यवादी हुन सकौं ।<br>१ थेसलोनिकी ५:१६-१८ | **२९ 14**<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइरहन सकौं ।<br>मलाकी ३:६-१२ | **६ 21**<br>विभिन्न व्यापार, व्यवसाय, नोकरी गर्नेहरूको कमाइमा परमेश्वरबाटको प्रशस्त आशिष र उन्नति मागिदिऔं ।<br>व्यवस्था १८:८-१३ | **१३ 28**<br>प्रत्येक परिवारले प्रभुलाई पाहुना होइन तर प्रभुको स्थानमा राखेर आदर दिनेहरू हुन सकौं ।<br>मत्ती ७:२१-२३ |
| **मंगलबार**<br>**TUESDAY** | **२३ 8**<br>मण्डलीका पूरा समय काम गर्ने सेवक/सेविकाहरूको सेवकाईमा आत्माको नवीन जोश, उत्साह र नयाँ अभिषेक मागिदिऔं ।<br>यशैया ४२:६ | **३० 15**<br>भोलि हुने आमा दिदी बहिनीहरूको उपवास प्रार्थनाद्वारा मण्डलीमा अझ धेरै आशिष आउन सकून् ।<br>गलाती ५:१३-२६ | **७ 22**<br>मण्डलीमा भइरहेको आत्मिकी सभामा धेरैले आत्माको भरपूरी पाउन सकून् साथै जुवाहरू भाँचिएको होस् र चंगाई तथा निको हुवाई पाउन सकून् ।<br>लेवी २६:१२-१३ | **१४ 29**<br>सबै विश्वासीहरू निरन्तर सेवा संगतिहरूमा रहेको कारणले गर्दा सबै अवस्थाहरूमा परमेश्वरको इच्छा पूरा गर्दै जानेहरू हुन सकौं ।<br>भजनसंग्रह ९२:१२-१४ |
| **बुधबार**<br>**WEDNESDAY** | **२४ 9**<br>घरेलु संगतिहरूमा धेरैको सहभागिता भएको होस् साथै आत्मिकी जीवनमा पनि मण्डली परिपक्व हुँदै जान सकून् ।<br>१ कोरिन्थी १४:२६ | **१ पौष 16**<br>सेवा संगतिबाट पाइरहेका प्रशस्त आशिषहरूद्वारा मण्डली परिवार आज्ञाकारी भई परिपक्वतातिर बढ्दै जान सकौं ।<br>हिब्रू ६:७-८ | **८ 23**<br>सबै विश्वासीहरू जीवनका सबै क्षेत्रहरूमा परमेश्वरको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकौं ।<br>फिलिप्पी २:१२-१७ | **१५ 30**<br>मण्डलीका विश्वासीहरू एकअर्कालाई आफूभन्दा श्रेष्ठ ठान्नेहरू र एकअर्काको अधीनमा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>फिलिप्पी २:५-९ |
| **बिहीबार**<br>**THURSDAY** | **२५ 10**<br>बाल संगतिका सबै बालबालिकाहरू सानैदेखि प्रभुमा बढ्दै जान सकून् साथै सबै शिक्षक/शिक्षिकाहरूको सेवकाईमा आशिष मागिदिऔं ।<br>यशैया ५४:१३ | **२ 17**<br>सबै जवानहरू सांसारिक चालचलनबाट टाढा रहन पवित्र आत्माले नै सहायता गरून् र सबै अवस्थामा परमेश्वरलाई प्रेम गरिरहनेहरू हुन सकून् ।<br>१ यूहन्ना २:१५-१७ | **९ 24**<br>सारा विश्वव्यापी मण्डलीहरूमा हुने सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् । ती संगतिद्वारा परमेश्वरलाई नै महिमा मिलेको होस् ।<br>यशैया ५५:६-१३ | **१६ 31**<br>आउँदो वर्षभरि आशिषित भएर जिउनको लागि आजदेखि नै दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-३ |
| **शुक्रबार**<br>**FRIDAY** | **२६ 11**<br>आराधना सेवामा आउनेहरू सबै प्रभुलाई भेट्नलाई मन, प्राण, आत्मा र शरीरको तैयारीमा आउन सकून् ।<br>भजनसंग्रह ४:१-७ | **३ 18**<br>प्रत्येक शनिबार मण्डलीमा आउनुभएका नयाँहरूले खीष्ट प्रभुको सुसमाचार सुनेर खीष्ट येशूलाई प्रभु र मुक्तिदाता भनेर ग्रहण गर्न सकून् ।<br>यूहन्ना १:१२ | **१० 25**<br>सारा संसारका मानिसहरूले येशू खीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>यूहन्ना ३:१६-१८ | **१७ January 1**<br>वचनको सेवकाई, स्तुति प्रशंसामा अगुवाई, सेवा सञ्चालक, अनुगमन कक्षा लिनुहुने र सुसमाचार सुनाउनहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ |
| **शनिबार**<br>**SATURDAY** | **२७ 12**<br>स्कूल, क्याम्पस साथै उच्च शिक्षा हासिल गरिरहनुभएकाहरूको पढाईमा परमेश्वरबाटको आशिष मागिदिऔं ।<br>याकूब १:५ | **४ 19**<br>मण्डलीबाट मिशनरी भएर जानुभएकाहरूको सेवकाईद्वारा शुरू भएको संगतिहरू अझ बढ्दै गएको होस् ।<br>यशैया ५४:२-३ | **११ 26**<br>सबै खीष्टिय संघ संस्थाहरूको सेवकाई र काम गर्ने सेवक/सेविकाहरूको लागि आशिष मागिदिऔं ।<br>प्रेरित २०:२४ | **१८ 2**<br>यस वर्ष धेरै पढे-लेखेका, उच्च ओहदामा रहेकाहरू, बुद्धिजीविहरूले प्रभुको सुसमाचार सुनी खीष्ट प्रभुलाई ग्रहण गर्न सकून् ।<br>रोमी १४:११ |

*किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् । किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो ।*

**यूहन्ना ३:१६-१७**